नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, पुस २२ गते २०३७ साल [संख्या ३८

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

श्री ५ को सरकारले तेह्रथुम जिल्लास्थित साँग्रिला बहुउद्देश्य कृषि फार्म प्रा.लि. विस्तारको लागि सो फार्मले देहायका शर्तहरू पालना गर्ने गरी फार्मको काममा रहेसम्मको लागि देहायबमोजिमको जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ (ङ) बमोजिम हदबन्दीमा छुट दिने मिति २०३७।६।२८ मा निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

(१) हदबन्दी छुट दिएको जग्गाको क्षेत्रफल–तेह्रथुम जिल्ला सुदाप गाउँ पञ्चायत वार्ड नं. ३ को कि.नं. १ को १४३–१३–३ रोपनी, ऐ.गा.पं. ऐ. वार्ड नं. को कि.नं. ३७५ को ३४–१४–२ रोपनी, ऐ.गा.पं. ऐ. वार्ड नं. को कि. नं. ३७६ को ४९–७–० रोपनी, ऐ. गा.पं. ऐ. वार्ड नं. को कि. नं. ३८७ को ४८–५–१ रोपनी र ऐ. जिल्लाको दाङ्पा गा. पं. वार्ड नं. ९ को कि. नं. ८१ को १२०–१४–१ रोपनीसमेत जम्मा रोपनी ३९७–६–३ (तीनसय सन्तानब्बे रोपनी छ आना तीन पैसा) मात्र।

(२) उपरोक्त क्षेत्रफलको जग्गामा ४ चार वर्षभित्र स्याउ, विभिन्न जातका अन्य फलफूलहरू, बिरूवाहरू र जडीबुटीसमेत लगाई काममा प्रयोग गरिसक्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र मान्य हुनेछ

(३) फार्मको नाउँमा रहेको जग्गा श्री ५ को सरकारको पूर्व स्वीकृति वेगर कुनै व्यहोराबाट कसैलाई हक छाडिदिन पाइने छैन ।

(४) फार्मको कार्य प्रगतिको निरीक्षण कृषि विभागका प्रतिनिधि (फलोद्यानसंग सम्बन्धित) र भूमिसुधार कार्यालय तेह्रथुमका भूमिसुधार अधिकारीबाट संयुक्त रूपमा वर्षको दुइ पटक गरिनेछ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।